# नेपालमा वैदेशिक ऋण

अल्पविकसित मुलुकले तय गरेका आर्थिक तथा सामाजिक विकासका लक्ष्यहरू पूरा गर्न वित्तीय साधन र स्रोत पर्याप्त नहुने हुँदा यस्ता मुलुकमा वित्तीय स्रोतको रूपमा वैदेशिक सहायताले महत्त्व पाउने गरेको छ । यी मुलुकले निर्धारण गरेका विभिन्न आवधिक योजनाहरू तथा वार्षिक बजेटमा वैदेशिक सहायताको हिस्सा उल्लेख्य रहने गरेको पाइन्छ । नेपालको आर्थिक वर्ष २०६४/६५ को बजेटमा रू. ७५ अर्ब २५ करोड विकास खर्चमा वैदेशिक सहायताको हिस्सा ४४ अर्ब ८२ करोड (५९.६ प्रतिशत) रहेको छ, जसमध्ये ऋणको अंश ३९ प्रतिशत रहेको छ । अनुदान र ऋणको रुपमा प्राप्त हुने वैदेशिक सहायतामा वैदेशिक ऋण एक निश्चित समयपछि ब्याज सहित फिर्ता गर्नुपर्ने भएकाले यसको व्यवस्थापनको विषय महत्वपूर्ण छ । यस जानकारीपत्रमा नेपालको वैदेशिक ऋणको वर्तमान अवस्था, आन्तरिक तथा बाह्य ऋण, ऋणको प्रकृति, वैदेशिक ऋण लिँदाका शर्तजस्ता विषयवस्तुमा चर्चा गरिएको छ ।

## वैदेशिक ऋणको वर्तमान अवस्था

नेपालमा वैदेशिक सहायताको सुरूवात वि. सं. २००७ बाट भएको पाइन्छ । त्यस समयमा अमेरिका, चीन, रूस र भारतजस्ता मुलुकबाट अनुदानका रूपमा मात्र वैदेशिक सहायता भित्रने गर्दथ्यो । प्रारम्भिक वर्षहरूमा प्रदान गरिएका यस्ता सहायताको परिमाण कम हुने गरे पनि नेपाल वि. सं. २०१२ मा सिंगापुरमा भएको कोलम्बो प्लानको बैठकमा सहभागी भएपश्चात् वैदेशिक सहयोगको परिमाणमा वृद्धि हुँदै गएको देखिन्छ । नेपालमा वैदेशिक सहायता ऋणका रूपमा भने आर्थिक वर्ष २०१८/१९ देखि मात्र भित्रन थालेको पाइन्छ । त्यति बेलाको घाटा बजेट पूरा गर्न नेपालले रू. १० लाख बराबरको पहिलो वैदेशिक ऋण तात्कालिन सोभियत संघबाट लिएको थियो । त्यसपछिका दशकहरूमा वैदेशिक ऋण भित्रने क्रम नेपालमा तीव्र रूपमा बढेर गएको देखिन्छ ।

नेपालमा वैदेशिक ऋण बहुपक्षीय र द्विपक्षीय स्रोतबाट भित्रने गर्दछ । वैदेशिक ऋण लिन सुरू गरेको केही वर्षसम्म द्विपक्षीय स्रोतबाट धेरै परिमाणमा ऋण भित्रिए पनि वि. सं. २०४६ को राजनीतिक परिर्वतनसँगै स्थापना हुन पुगेको बहुदलीय व्यवस्थापछि नेपालमा बहुपक्षीय ऋणको परिमाण अत्यधिक वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०६३/६४ मा मात्र नेपालमा बहुपक्षीय र द्विपक्षीय स्रोतहरूबाट रू. १० अर्ब ३३ करोड बराबरको ऋण भित्रिएको छ । सोही आर्थिक वर्षसम्म आइपुग्दा नेपालको कुल तिर्न बाँकी वैदेशिक ऋण रू. २ खर्ब १६ अर्ब पुगेको छ ।

वैदेशिक ऋणको परिमाण बढ्दै गएका कारण यसको सावाँ तथा ब्याज भुक्तानी रकम पनि बढ्दै गएको छ । आर्थिक वर्ष २०६३/६४ मा सरकारले वैदेशिक ऋणको सावाँ तथा ब्याज भुक्तानीमा रू. १० अर्ब ६३ करोड खर्च गरिसकेको छ जुन सो वर्षको कुल राजस्वको १२.३ प्रतिशत, कुल सरकारी खर्चको ८.१ प्रतिशत र चालू खर्चको १३.२ प्रतिशत हुन आउँछ । वर्षेनि कुल राजस्वको ठूलो हिस्सा वैदेशिक ऋणको सावाँ तथा ब्याज तिर्नमा खर्च गर्नुपर्दा राष्ट्रको आर्थिक तथा सामाजिक विकासका लक्ष्यहरू प्रभावित हुने गरेका छन् ।

## आन्तरिक र बाह्य ऋणको अवस्था

नेपालले कुल सरकारी खर्चका स्रोतका रूपमा आन्तरिक र बाह्य ऋण लिन सुरू गरेदेखि ऋणको स्वरूपमा निकै परिवर्तन भएका छन् । वि. सं. २०१९ देखि नेपालले आन्तरिक ऋण लिन थालेको हो । नेपालले आन्तरिक र वैदेशिक ऋणलाई बजेट खर्च बेहोर्ने स्रोतका रूपमा सँगसँगै लिन थालेको पाइन्छ । तर बिस्तारै आन्तरिक ऋणभन्दा वैदेशिक ऋणले नेपालको सरकारी बजेटमा ठूलो हिस्सा ओगटेको देखिन्छ । वैदेशिक सहायता ऋणका रूपमा भन्दा पनि अनुदानका रूपमा नै अत्यधिक भित्रने गरेको कारण वि. सं. २०३२ सम्ममा नेपालमा आन्तरिक ऋणको अंश वैदेशिक ऋणभन्दा धेरै थियो । त्यसपछिको समयमा वैदेशिक सहायता ऋणका रूपमा उच्च रूपमा भित्रियो र आन्तरिक ऋणभन्दा वैदेशिक ऋण धेरैले बढेर गयो । वि. सं. २०३२ देखि वि. सं. २०६३ सम्मको अवधिमा औसतमा आन्तरिक र वैदेशिक ऋणको वार्षिक प्रवाह क्रमशः ३८.९ प्रतिशत र ६१.१ प्रतिशत रहेको देखिन्छ तर कुनै वर्षमा वैदेशिक ऋण आन्तरिक ऋणभन्दा निकै बढी पनि हुने गरेको छ । वि. सं. २०५२ मा कुल सरकारी ऋणमा वैदेशिक ऋणको हिस्सा ८१.१ प्रतिशत रहेको पाइन्छ । २०६४ आषाढ मसान्त सम्मको स्थितिमा आन्तरिक ऋणसमेत जोड्ने हो भने नेपालको कुल सरकारी ऋण रू ३ खर्ब २० अर्ब ६९ करोड पुगेको देखिन्छ ।


## वैदेशिक ऋणको प्रकृति

नेपालमा वैदेशिक ऋण विभिन्न क्षेत्रका लागि विभिन्न स्रोतमार्फत् भित्रने गरेको छ । वैदेशिक ऋणको प्रवाहको प्रकृतिलाई क्षेत्रगत, दातागत एवं मुद्रागत रूपमा विभाजन गरी विश्लेषण गर्न सकिन्छ ।

### क्षेत्रगत वैदेशिक ऋण

नेपालमा वैदेशिक ऋणको सुरूआतपछि विकासका लगभग सबै क्षेत्रमा वैदेशिक ऋण प्रवाह भएको देखिन्छ तर यसको प्राथमिकता विभिन्न समयमा परिवर्तन हुने गरेको छ । सामान्यतया नेपालको राष्ट्रिय

**चित्र १: क्षेत्रगत रूपमा वैदेशिक ऋणको प्रवाह**




*स्रोतः आर्थिक सर्वेक्षण २०६३/६४, अर्थ मन्त्रालय*

मागका क्षेत्रमा भन्दा पनि वैदेशिक ऋणको प्रवाह प्रत्येक दातृ संस्थाका आफ्नै नीति तथा प्राथमिकतामा आधारित हुने भएकाले ऋणको उपयोग आवश्यकता बमोजिम भएको देखिदैंन । वैदेशिक ऋणको सबैभन्दा बढी प्रवाह ऊर्जा क्षेत्रमा भएको पाइन्छ । वि. सं. २०४६ मा मात्र कुल वैदेशिक ऋणको ५१.७ प्रतिशत ऋण ऊर्जा क्षेत्रमा भित्रिएको थियो । ऊर्जापछि वैदेशिक ऋणको प्रवाह क्रमशः सडक, सिँचाइ तथा कृषि जस्ता क्षेत्रमा अत्यधिक भएको पाइन्छ ।

वि. सं. २०३८ देखि वि. सं. २०४२ सम्म कृषि तथा सिँचाइ क्षेत्रमा वैदेशिक ऋणको प्रवाह बढेको भए पनि वि. सं. २०४७ पछि यस क्षेत्रमा वैदेशिक ऋणको प्रवाह निकै घटेर गएको देखिन्छ । जस्तै वि. सं. २०५२ तिर कुल वैदेशिक ऋण प्रवाहमा कृषि क्षेत्रको हिस्सा

### कोष्ठक १: वैदेशिक सहायता नीति, २०५९

वैदेशिक ऋण सहायताको प्रयोगलाई आर्थिक तथा सामाजिक उद्देश्यहरू हासिल गर्ने सम्बन्धमा अवलम्बन गरिने उपायहरू वैदेशिक सहायता नीति, २०५९ मा निम्नअनुसार उल्लेख गरिएको छ –

(क) उच्च प्रतिफल प्राप्त हुने आयोजना र पूर्वाधार विकासमा वैदेशिक ऋण उपयोग गरिनेछ ।

(ख) प्रत्येक नयाँ ऋण स्वीकार गर्नुभन्दा पहिले यसका विविध प्रभावबारे विश्लेषण गरिनेछ ।

(ग) निजी क्षेत्रका आर्थिक गतिविधिहरूलाई सघाउ पुऱ्याउने, विदेशी मुद्रा आर्जनमा सघाउ पुऱ्याउने तथा बाह्य कारोबारको प्रवर्द्धनमा योगदान दिने क्षेत्रहरूमा ऋण लगानी केन्द्रित गरिनेछ ।

(घ) वैदेशिक ऋण प्राप्त गर्दा विनिमय दरको उतार चढावका कारण नेपाल सरकारको ऋण दायित्वमा पर्ने नकारात्मक प्रभावबाट बच्ने सम्भावनाहरू खोजिनेछन् ।

(ङ) सरकारको ऋणभारलाई कम गर्न कुनै पनि ऋण सहयोगको रकम अध्ययन तथा अध्ययन भ्रमणमा खर्च गर्न रोक लगाइनेछ ।

(च) ऋण सहयोगको रकमबाट परामर्शदाता तथा विदेशी विशेषज्ञहरूको सेवामा हुने खर्च कम गरिनेछ ।

(छ) कुनै पनि व्यापारिक तथा आपूर्तिकर्ताको ऋण लिइनेछैन, तर यसले मिश्रित ऋण लिने विषयलाई रोक्नेछैन ।

वैदेशिक ऋणको उपयोगलाई प्रभावकारी बनाउँन यस्ता विभिन्न उपायहरू अवलम्बन गरिने भनिए पनि कार्यान्वयन पक्षमा देखिएका कमजोरीका कारण वैदेशिक ऋण प्रभावकारी बन्न नसकेको विभिन्न अध्ययनले देखाएका छन् ।


© सावती, २०६५

२३ प्रतिशत रहेकोमा वि. सं. २०६३ मा यो ४ प्रतिशतमा मात्र सीमित रहन पुगेको देखिन्छ । त्यस्तै वि. सं. २०४८ मा उद्योग तथा वाणिज्य क्षेत्रका लागि वैदेशिक ऋणको प्रवाह उल्लेखनीय रहेको पाइए पनि हाल आएर यस्ता क्षेत्रहरूमा ऋण भित्रिएको छैन् । वैदेशिक ऋणको सबैभन्दा कम प्रवाह स्वास्थ्य क्षेत्रमा भएको पाइन्छ । शिक्षा क्षेत्रमा पनि ऋणको प्रवाह तुलनात्मक रूपमा कम हुने गरेको भए पनि वि. सं. २०६१ देखि भने यस क्षेत्रमा पनि उल्लेख्य रूपमा ऋण भित्रिएको देखिन्छ । वि. सं. २०६३ मा सबैभन्दा धेरै वैदेशिक ऋण सडक, शिक्षा, खानेपानी, ऊर्जा तथा सिँचाई क्षेत्रमा भित्रिएको पाइन्छ (चित्र १) ।

### दातागत र मुद्रागत वैदेशिक ऋण

विश्व बैंकअन्तर्गतको International Development Association (IDA) तथा Asian Development Bank (ADB) जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू नै नेपालका मुख्य बहुपक्षीय दाता हुन् । यिनै दाताबाट ८० प्रतिशत भन्दा बढी ऋण भित्रने गरेको छ । त्यस्तै Organization of the Petroleum Exporting Countries (OPEC) र International Fund for Agricultural Development (IFAD) बाट पनि नेपालमा ऋण भित्रने गरेको छ । वि. सं. २०६३ मा IDA तथा ADB बाट मात्र कुल वैदेशिक ऋणको ८६.४ प्रतिशत रकम प्राप्त भएको देखिन्छ । द्विपक्षीय दाताका रूपमा भने जापानबाट सबैभन्दा बढी वैदेशिक ऋण भित्रने गरेको छ (चित्र २) ।

विभिन्न दाताबाट प्रदान गरिने वैदेशिक ऋण विभिन्न मुद्राका रूपमा भित्रने गर्दछ । IDA बाट भित्रने ऋण मुख्यतः अमेरिकी डलर र Special Drawing Rights (SDR) मा हुन्छ । ADB बाट आउने ऋण Asian Development Fund (ADF) बाट आउछ जुन SDR र अमेरिकी डलरको रूपमा हुन्छ । जापानबाट आउने ऋण जापानी येनमा हुन्छ भने युरोपेली संघबाट प्राप्त रकम युरोमा हुने गर्दछ । अन्य द्विपक्षीय स्रोतबाट आउने रकम प्रायः उनीहरूकै मुद्रामा भित्रने गरेको छ । नेपालमा वि. सं. २०६३ सम्म प्राप्त कुल वैदेशिक ऋणमा ७७.०८ प्रतिशत SDR को रूपमा, ११.८१ प्रतिशत अमेरिकी डलरमा र ७.२२ प्रतिशत जापानी येनको रूपमा भित्रिएको छ ।

## वैदेशिक ऋणका शर्तहरू


वैदेशिक ऋण दिँदा दाताहरूले ऋणको उपयोग उनीहरूले भने बमोजिम हुनुपर्ने र त्यसको भुक्तानी पनि समयमा नै गरिनुपर्नेजस्ता शर्त राख्ने गरेका प्रशस्त उदाहरणहरू छन् । दाताहरूका शर्त मुख्यतः समग्र आर्थिक स्थिरता कायम गर्नुपर्ने र सरकारी स्वामित्वमा रहेका निकायलाई निजीकरण गरिनुपर्ने विषयमा केन्द्रित रहने गरेका छन् । दाताहरूले राखेका यस्ता शर्तहरूका आधारमानै ऋण लिने राष्ट्रले आफ्ना कार्य योजनाहरू बनाउनु पर्ने हुन्छ । वास्तवमा वैदेशिक ऋणसंगै गाँसिएर आउने दाताहरूका शर्तहरू राष्ट्रिय प्राथमिकतासंग मेल नखाने कारण सरकारले आफ्नै योजनाहरूलाई पनि पूर्ण रूपमा कार्यान्वयन गर्न सकिरहेको छैन । दातृ निकायहरूले ऋण दिँदा उनीहरूको चाहनाले प्राथमिकता पाउने र मुलुकको आवश्यकता ओझेलमा पर्ने भएका कारण वैदेशिक ऋणको सकारात्मक प्रभाव नदेखिएको विज्ञहरूको पनि धारणा छ । यसैका कारण नै गरीबी निवारणका नाउँमा आउने कार्यक्रमहरूले गरीबी घटाउनुको सट्टा गरीबी र आर्थिक असमानता बढाउदै लगेको उनीहरूको धारणा छ । वैदेशिक ऋण दिँदा दाताहरूले राख्ने गरेका यस्ता शर्तका केही उदाहरणहरू तल उल्लेख गरिएको छ ।

सन् २००० मा ADB ले मेलम्ची खानेपानी परियोजनाका लागि ऋण दिनुपूर्व नेपालको खानेपानी क्षेत्रलाई निजीकरण गरिनुपर्ने शर्त राखेको थियो । यो शर्तमा मन्जुरी देखाउँदै नेपाल सरकारले जलस्रोत–निजीकरण ऐन पारित गऱ्यो र त्यसैअनुरूप खानेपानी संस्थान एक विदेशी कम्पनीलाई दिने निर्णय पनि गऱ्यो । तर त्यस समयमा भएको राजनीतिक परिर्वतन तथा खानेपानी संस्थानका कर्मचारी र नागरिक समाजको दबाबका कारण सरकार यो निर्णय फिर्ता लिन बाध्य भयो । खानेपानी संस्थान विदेशी कम्पनीलाई दिन अस्वीकार गरे पनि हाल काठमाडौंको खानेपानी व्यवस्थापनको जिम्मा एक निजी कम्पनीलाई दिइएको छ । खानेपानी वितरणजस्तो अति आवश्यक र संवेदनशील सेवा सञ्चालनको जिम्मा निजी कम्पनीलाई हस्तान्तरण गर्दा यसबाट खानेपानीको महसुल वृद्धि हुन गई जनताको जीवनयापनमा नकारात्मक असर पर्न सक्ने धारणा उपभोक्ता मञ्च र विज्ञहरूले राखेका छन् ।

नेपाल विद्युत् प्राधिकरणलाई ADB ले सन् २००० मा प्राधिकरणको वित्तीय अवस्थामा सुधार ल्याउनुपर्ने शर्तमा ५ करोड अमेरिकी डलर ऋण दियो । शर्तको पालन गर्दै वित्तीय अवस्था सुधारका लागि प्राधिकरणले विद्युत् महसुलमा निकै वृद्धि गऱ्यो । जलस्रोतमा विश्वको धनी मुलुकका रूपमा चिनिएको नेपाल विश्वमा विद्युत् महसुल उच्च रहेको राष्ट्रका रूपमा पनि परिचित छ ।

अर्को उदाहरणका रूपमा नेपाल सरकारले रासायनिक मलमा दिइरहेको अनुदानमा गरेको कटौतीलाई पनि लिन सकिन्छ । नेपालले लामो समयदेखि रासायनिक मलमा अनुदान दिँदै आएको थियो जसको कारण कृषकले कम मूल्यमा मल खरिद गर्न पाइरहेका थिए । तर

चित्र २: दातागत रूपमा वैदेशिक ऋणको आप्रवाह





*स्रोतः नेपाल राष्ट्र बैंक*

वि. सं. २०५६ पछि दाताहरूले अनुदान घटाउन दबाब दिएपछि नेपाल सरकार अनुदान घटाउन बाध्य भयो । त्यसका साथै तराई क्षेत्रमा पानी तान्ने पम्पको जडानमा सरकारले दिँदै आएको अनुदान पनि ADB कै दबाबका कारण हटाइयो । कृषकका लागि दिइएको यस्ता अनुदान हटाउदा कृषि उत्पादन र कृषकको जिविकोपार्जनमा समेत नकारात्मक असर पर्न गएको छ ।

### कोष्ठक २: दक्षिण एशिया र वैदेशिक ऋण

वैदेशिक ऋण भित्रने क्रम तीव्र भए पनि अन्य दक्षिण एशियाली मुलुकभन्दा तुलनात्मक रूपमा नेपालको वैदेशिक ऋणको अवस्था राम्रो देखिन्छ । विश्व बैंकको वि. सं. २०६२ को तथ्यांकअनुसार दक्षिण एशियाली मुलुकहरूमध्ये भारत सबैभन्दा धेरै वैदेशिक ऋण प्राप्त गर्ने मुलुकमा पर्दछ भने त्यसपछिको क्रममा पाकिस्तान र बंगलादेश पर्दछन । विश्व विकास सूचक, २००७ का अनुसार भारत, पाकिस्तान र बंगलादेशले वि. सं. २०६२ मा नेपालभन्दा क्रमशः ३७.५, १०.३ र ५.७६ गुना बढी वैदेशिक ऋण प्राप्त गरेका थिए ।

**चित्र ३: दक्षिण एशियामा वैदेशिक ऋणको प्रवाह**




स्रोतः *www.worldbank.org*

दक्षिण एशियाली मुलुकमा कुल वैदेशिक ऋण र कुल गार्हस्थ्य उत्पादनबीचको अनुपात सबैभन्दा धेरै भुटानको छ । वि. सं. २०६२ मा यो अनुपात भुटानको ७६.९ प्रतिशत, श्रीलंकाको ४८.६० प्रतिशत र नेपालको ४४.४ प्रतिशत रहेको छ भने भारतको केवल १५.३ प्रतिशत मात्र रहेको छ ।

विश्व बैंकको तथ्यांकअनुसार वि. सं. २०६२ मा नेपालको प्रतिव्यक्ति ऋणभार १२१.१ अमेरिकी डलर छ जुन भारत बाहेक अन्य दक्षिण एशियाली मुलुकहरूको तुलनामा न्यून देखिन्छ । दक्षिण एशियाली मुलुकहरूमा प्रतिव्यक्ति ऋणभार सबैभन्दा बढी भुटानको (९९९.५ अमेरिकी डलर) छ । त्यसै गरी माल्दिभ्समा ९३२.५, श्रीलंकामा ५८३.१, पाकिस्तानमा २१६.२, बंगलादेशमा १३३.५ र भारतमा ११२.५ अमेरिकी डलर रहेको छ ।

## अगाडिको बाटो

वैदेशिक ऋण बढ्दै जाने र सदुपयोग सही ढंगले हुन नसकेको खण्डमा प्रतिव्यक्ति ऋणभार बढ्न गई जनताको जनजीवनका साथै सम्पूर्ण अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न जाने हुँदा वैदेशिक ऋणलाई कसरी प्रभावकारी बनाउदै लैजान सकिन्छ भन्ने विषयमा सरकारलगायत सबै सरोकारवालाको ध्यानाकर्षण गर्न गराउन आवश्यक छ । सरकारले वैदेशिक ऋण लिनु पूर्व यसबाट अर्थतन्त्रमा पर्ने दिर्घकालीन प्रभावका बारे विश्लेषण नगरी स्रोतको कमी पुरा गर्ने वित्तीय साधनको रूपमा मात्र वैदेशिक ऋणलाई लिने गरेका कारण यसबाट समग्र आर्थिक विकासमा उल्लेखनीय प्रभाव पर्न नसकेको विज्ञहरूको धारणा छ । त्यस कारण ऋण लिनु पूर्व दाताले राख्ने विभिन्न शर्त, ऋण लिँदाका फाइदा तथा बेफाइदा जस्ता महत्वपूर्ण विषयवस्तुका बारे प्रशस्त गृहकार्य गरेर मात्र ऋण स्वीकार गर्नुपर्ने हुन्छ । सरकारले वैदेशिक ऋण कहाँबाट, कस्तो शर्तमा, कुन प्रयोजनका लागि लियो र त्यसको उपयोग कसरी गऱ्यो भन्ने विषयमा जनता प्रति जवाफदेही बन्न वैदेशिक ऋण लिँदाको प्रक्रिया, उपयोग र सावाँब्याज भुक्तानीजस्ता विविध पक्षलाई सरकारले पारदर्शी बनाउनु पर्दछ । त्यसका साथै वैदेशिक ऋणको परनिर्भरता दीर्घकालीन रूपमा हटाउन आन्तरिक वित्तीय स्रोत र साधनको परिचालन गर्ने तिर सरकारले समयमा नै ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । ■

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुहरूमा अनुसन्धान र वकालत तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सन् १९९४ मा स्थापना गरिएको दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाको क्षेत्रीय सञ्जाल हो ।

लेखकः कपिल गौतम
प्रकाशकः साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती)
कार्यक्रमः एक्सनएड नेपालको सहयोगमा सञ्चालित 'नेपालमा वैदेशिक ऋणको व्यवस्थापन' (Managing Nepal's Foreign Debt - MANED)
डिजाइनः इफेक्ट्
मुद्रकः जगदम्बा प्रेस, काठमाडौं

यो जानकारीपत्र MANED अन्तर्गत सत्येन्द्र तिमिल्सिनाद्वारा तयार गरिएको Situation Analysis of External Debt in Nepal नामक प्रतिवेदनको आधारमा तयार पारिएको हो । यस प्रकाशनमा टिप्पणीसहित अमूल्य सुझाव दिनुहुने अधिवक्ता ध्रुवेश रेग्मीलाई संस्थाका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरिन्छ ।

यस जानकारीपत्रमा उल्लेखित विचार तथा मान्यता लेखककै हुन् ।

सावती, पो.ब.नं. १९३६६, २५४ लम्टङ्गीनमार्ग, बालुवाटार, काठमाडौं, नेपाल, फोनः ४४४४४३८, ४४१५८२४, फ्याक्सः ४४४५७०, इमेलः sawtee@sawtee.org
www.sawtee.org